# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan



शिन-ओकुबोमा खुलेको नयाँ रेष्टुरेण्ट

Bamboo छैं

Taste of Himalaya

✓ शान्त र पारिवारिक वातावरणमा स्वादिष्ट भोजनको आनन्द लिँदै, साथीभाइ, आफन्त र इष्टमित्रहरूसँग भेटघाट गर्नका लागि उत्कृष्ट स्थान चाहिएमा

✓ बिबाह, ब्रतबन्ध, जन्मदिन, एनिभर्सरी, पास्नी जस्ता विशेष अवसरहरूमा उत्कृष्ट सेवा सहित पार्टी गर्न सकिने

✓ १ सय ५० सिट क्षमता, स्टेज र साउण्ड सिस्टम सहित नियमित लाइभ म्युजिकको भरपूर मजा लिन सकिने

✓ तपाईंको विशेष दिनलाई अझ अविस्मरणीय बनाउन सदा सेवामा समर्पित

FOR PARTY BOOKING 080-5964-7468

More Information

Tokyo-To, Shinjuku-Ku, Hyakunincho 1-10-17 (Ichibangai Building 2F)


सम्पर्क नं.:- 03-5989-1708



वर्ष १८, अंक १३, २०८२ असोज ०१-१५

Vol. 18, No. 13, September 16-30, 2025


## अवाञ्छित गतिविधिका कारण
# जापानमा साख गुमाउँदै नेपालीहरू



❑ नेस डेस्क

टोकियो – जापानमा विदेशीहरूप्रति विरोधी भावना बढिरहेकै बेला नेपालीहरूबाट एकपछि अर्को गर्दै भएका पछिल्ला केहि गतिविधिका कारण अहिले सामाजिक सञ्जाल तातेको छ । अघिल्लो महिना गैरआवासीय नेपाली संघ जापानको निर्वाचन सकिएलगत्तै विजय पक्षधरका नेतृत्व तहले आधारात पनि नभनि गरेको नारा जुलुस सहितको होहल्ला र विजय ऱ्यालीको चर्चा र जापानीहरूले गरेको त्यसको विरोधको चर्चा सेलाउन नपाउँदै अघिल्लो हप्ता नेपालमा भएको जेन्जी आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न भन्दै शिनओकुबो नजिकै रहेको तोयामा पार्कमा हजारौंको संख्यामा भेला भएका नेपालीहरूले गरेको नारा, जुलुस र विरोध ऱ्यालीको यतिबेला जापानीहरूले सामाजिक सञ्जालभरि चर्को विरोध जनाईरहेका छन् । जापान र जापानी नागरिकसंग कुनै सरोकार नै नभएको विषयमा शान्तिपूर्वक दैनिक जीवन यापन गर्न पाउनुपर्ने आफुहरूको नैसर्गिक अधिकारको हनन् भएको भन्दै जापानीहरूले सामाजिक सञ्जालभरि विरोध जनाएका हुन् । उनीहरूको भनाई छ– 'यसप्रकारको गतिविधि गर्नु छ भने आफ्नै देशमा गएर गर, हैन जापानमा बस्नु छ भने »» बाँकी पृष्ठ ७ मा

## केपी ओलीको
# अकर्मण्यताले देश बर्बाद

❑ नेस डेस्क

काठमाडौं – नेपाल यतिबेला गम्भीर राजनीतिक संकटको भुमरीमा फसेको मात्र छैन, एक अनिश्चित मोडमा पनि उभिएको छ । शासन सम्हाल्ने एक जना व्यक्तिको अहंकारका कारण कुनै देश कसरी बर्बाद हुन्छ भन्ने अब अहिलेको पुस्ताले इतिहास पढ्नु परेन । आँखै अगाडी दुई दिनमा नेपालका सबै शासकीय संरचना ढलेर शून्यमा पुगे । जहाँ शीर्ष नेताहरूमाथि आम जनताको आक्रोश चुलिँदै गएको छ । फलस्वरूप उनीहरूका घर र राष्ट्रिय संस्थाहरूमाथि समेत शृङ्खलाबद्ध आक्रमण भइरहेका छन् भने नेताहरू भूमिगत हुन बाध्य छन् । जनताको धैर्य टुट्दै जाँदा नेपालको भविष्य थप अन्योलग्रस्त बनेको राजनीतिक विश्लेषक डा. सुरेन्द्र केसीको तर्क छ । देशको वर्तमान परिस्थिति र अबको निकासका विषयमा विश्लेषक केसीसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः–



डा. सुरेन्द्र केसी
राजनीतिक विश्लेषक

**अहिले देश जुन भयावह अवस्थाबाट गुज्रिरहेको छ, यसलाई तपाई कसरी हेर्नु भएको छ ? यो घटनाक्रमलाई तपाईंले अप्रत्याशित मान्नुभएको छ वा यो स्वाभाविक परिणति थियो ?**

इमान्दारीपूर्वक भन्नुपर्दा, अवस्था यतिसम्म बिग्रिएला भन्ने मैले कल्पना पनि गरेको थिइनँ । जुन किसिमले राज्यका संरचनाहरू, इतिहासका धरोहरहरू र शक्तिका प्रतीकहरूमाथि छानीछानी प्रहार भइरहेको छ । राष्ट्रपति भवन, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, भाटभटेनी र पशुपतिनाथ मन्दिरसम्म पनि निशाना बनेको सुनिएको थियो, यो अत्यन्तै चिन्ताजनक छ । अझ डरलाग्दो कुरा त घरघरमा आक्रमण गर्ने नयाँ उपक्रम सुरू भएको छ । यसले सामाजिक अराजकतालाई मलजल गर्छ र भोलि कसैलाई रिस उठ्नेबित्तिकै अर्काको घरमा आगो लगाउने प्रवृत्ति मौलाउन सक्छ । यो देशलाई सिध्याउने एउटा 'ग्रान्ड डिजाइन' जस्तो देखिन्छ । अब कसलाई के फाइदा भयो यसबाट ? सबै संरचना सिध्यायो ।

**खासगरी सिंहदरबारको अवस्थालाई हेर्दा, यसले हाम्रो इतिहास र भविष्यलाई कस्तो असर पार्छ ?**

सिंहदरबार, जुन लिच्छवी, »» बाँकी पृष्ठ ७ मा


No.1 TRAVEL We go the extra mile for you

हवाई टिकटका लागि स्वर्णिम अवसर

WINTER & SPRING SPECIAL OFFER

विशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि सँधै नम्बर वन ट्राभललाई सम्झनुहोला

अन्यत्र भन्दा सुपथ मूल्यमा हवाई टिकटको ग्यारेन्टी

Nepal Airlines | Biman Bangladesh Airlines | Korean Air | Cathay | Malaysia Airlines | Thai | Air India

Sujan: 080-4142-4740 (SB, Viber)
Indra : 080-4142-4741 (SB, Viber)
Kamata Office: 03-6424-5031
/no1travelshibuya

"नम्बर वन ट्राभल"
Kanawa Bld. 2F, 7-52-6 Nishikamata, Ota-ku, Tokyo 144-0051



जापानमा रेस्टुरेन्ट खरिद-विक्री गर्ने नम्बर वन फुदोसान

चिन्ता नगर्नुहोस्!

के तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने सोचमा हुनुहुन्छ?

जापानका निम्न शहरहरूमा:

टोकियो | कानागावा | चिबा | साईतामा

ओसाका | नागोया | फुकुओका

यदि तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने योजनामा हुनुहुन्छ भने, हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईंको रेस्टुरेन्ट उचित मूल्यमा खरीद गर्नेछौं ।

साथै विक्रीमा रहेको रेस्टुरेन्टको बारेमा जानकरी गराउनु भएमा उचित कमिशन दिइने छ ।

हामी रेस्टुरेन्ट किन्ने र बेच्ने गर्छौं
WE BUY AND SELL RESTAURANT

REAL STYLE 株式会社 REAL STYLE

Contact:
Puja : 070-2639-5628
Dipen : 070-2332-6833
For Japanese:090-3632-6833
〒169-0073 Tokyo,
Shinjuku-Ku, Hyakunincho 2-4-5 (804)



GMT International

भिजिट भिसा नेपाल-जापान

080-4150-5314 Viber

तपाईंको बाबुआमा वा आफन्तलाई भिजिट भिसामा जापान बोलाउनुपरेमा हामीलाई सम्झनुहोला ।

दुई दशकदेखिको अनुभवसहित सेवामा हाँजिर छौं ।

## सम्पादकीय

# भ्रष्टाचार विरूद्धको विस्फोट र नेतृत्वको अग्निपरीक्षा

गएको सोमबार र मंगलबार नेपालको राजनीतिक क्षितिजमा एउटा यस्तो आँधी आयो, जसले दशकौंदेखिको स्थापित व्यवस्था र नेतृत्वलाई जरैदेखि हल्लाइदियो। जेनजी पुस्ताले भ्रष्टाचारविरूद्ध उठाएको आवाजले यस्तो विद्रोहको रूप लियो कि त्यसले मुलुकको इतिहासमै सम्भवतः सबैभन्दा ठूलो क्षति पुऱ्यायो। सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपतिको निवास र प्रधानमन्त्रीको बालुवाटार निवास लगायत राज्यका प्रमुख केन्द्रहरू आन्दोलनकारीको निशाना बने, जुन यसअघि कल्पनासमेत गरिएको थिएन। यो केवल सत्ता पलट मात्र थिएन, दशकौंदेखि जरा गाडेको राजनीतिक बेथिति र जनअपेक्षाको अवमूल्यन विरूद्धको प्रस्फुटन थियो।

प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले जेन-जी प्रदर्शनलाई गरेको बेवास्ता, असावधानी र दमनले परिस्थितिलाई भयावह मोडमा पुऱ्यायो। प्रहरी दमनमा १९ जना युवाले ज्यान गुमाएपछि आक्रोशको पारो चुलियो। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउन र आन्दोलनकारीसँग वार्ता गर्नुपर्ने चौतर्फी दबाबलाई ओलीले आफ्नो अहंकारले अस्वीकार गर्दा 'आगोमा घ्यू' थपेजस्तै भयो। मध्यरातमा सरकारले ओलीको राजीनामा नदिने अडान सार्वजनिक गरेपछि युवाहरूमा अपमानबोध जाग्यो, जसको परिणाम अकल्पनीय विनाशका रूपमा प्रकट भयो। गल्ती भयो भनेर राजीनामा गरेको भए आक्रोश मत्थर हुन्थ्यो, जेनजीहरूले यस्तो विनाश त मागेको होइन होला।

जेनजीको यस विद्रोहले मुलुकको राजनीतिक कोर्स नै बदलिन पुग्यो। २०७९ मंसिरको निर्वाचनमा 'नो नट अगेन' अभियानले पाएको जनमत, राष्ट्रिय स्वतन्त्र पार्टी लगायत नयाँ दलहरूको उदय र बालेन शाह, हर्क साम्पाङजस्ता स्वतन्त्र उम्मेदवारहरूको जितले परम्परागत राजनीतिक दलहरूलाई स्पष्ट सन्देश दिएको थियो- अब पुराना प्रवृत्ति चल्दैन। तर, पनि प्रमुख नेताहरू सत्ताको खेलमा अल्झिरहे, 'म्युजिकल चेयर' को प्रवृत्ति रोकिएन। ओली र देउवाबीचको आलोपालो प्रधानमन्त्रीको सहमति र पार्टी सत्ता कब्जा गर्ने रणनीतिले जनताको धैर्यताको बाँध टुटायो।

सन् २०१५ मा संविधान जारी भएपछि ओलीले पाएको अभूतपूर्व अवसरलाई उनले 'ओलीको राज्य कब्जा' मा परिणत गरे। दुई तिहाइ नजिकको बहुमत र ६ प्रदेशमा नेकपाको सरकार हुँदा संविधान कार्यान्वयन, सुशासन र समृद्धितर्फ मुलुकलाई लैजाने अपेक्षा थियो। तर, कोरोना महामारीका बेला जनताको जीवनरक्षाको दायित्व बिर्सेर उनी अनेक उटपट्याङ भाषणमा व्यस्त रहे। 'इनफ इज इनफ' र 'नो नट अगेन' जस्ता नाराहरू त्यसैबेला उठेका थिए।

नेकपा विभाजनका बेला सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई हातमा लिएर राज्यका सम्पूर्ण संवैधानिक पदाधिकारीमा आफ्ना मान्छे नियुक्त गरी ओलीले राज्य कब्जाको खेल खेलेको आरोप लाग्यो। संविधानमै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने उनको निर्णयले संविधानमाथि नै प्रहार भयो। अदालत र निर्वाचन आयोग प्रयोग गरी शक्तिमा फर्किएपछि पनि ओलीको राजनीतिक दुस्साहस रोकिएन। जनताको आशा, विशेषगरी युवाहरूको बेरोजगारीको समस्याप्रति उनले कुनै चासो देखाएनन्।

ओली केन्द्रमा रहेको यो दशकको राजनीतिक कोर्स अन्ततः उनको राजनीतिक पतनमा पुग्यो। लोकतान्त्रिक बाटो भएरै पार्टीको नेतृत्वमा आएका उनले पार्टी कब्जा गरे। पार्टी कब्जापछि राज्य कब्जातिर लाग्दा व्यवस्था र देशै ध्वस्त बनाए। आज मुलुक एउटा अनिश्चित मोडमा उभिएको छ। प्रमुख नेताहरू औचित्यहीन बन्न पुगेका छन्। यसबाट पाठ सिक्दै नयाँ नेतृत्व र दलहरूले जनअपेक्षा अनुसार आफूलाई रूपान्तरण गर्न नसके मुलुकले अझ ठूलो संकट व्यहोर्नुपर्ने निश्चित छ। त्यसैले अब राजनीति केवल सत्ताको खेल नभई जनताको जीवन र भविष्यसँग जोडिएको यथार्थलाई स्वीकार गर्नैपर्छ।




# खरानीबाट पुनर्निर्माण: नेपालको नयाँ आशा र संघर्ष

विचार

-भोजराज पौडेल



जेन-जीको आन्दोलनले परिवर्तन सम्भव छ भन्ने देखाएको छ। जब नयाँ पुस्ता जाग्छ, जब उनीहरू अन्यायविरूद्ध बोल्छन् र जब उनीहरू राष्ट्रको भविष्यका लागि जोखिम उठाउँछन् तब मुलुकमा परिवर्तन अपरिहार्य छ र सम्भव पनि छ भन्ने पुनः एकपटक स्थापित भएको छ। यद्यपि आन्दोलनका क्रममा केही हिंसात्मक घटना भए, तर मूल उद्देश्य भने स्पष्ट थियो- नेपाललाई भ्रष्टाचार मुक्त, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने। उनीहरूको विद्रोहले देशका नेताहरूलाई अब पश्चाताप गर्ने र पछाडिको बेञ्चमा बसेर सुन्नेबाहेक अरू केही अवसर दिनेवाला छैन। उनीहरूको साहसिक कदमले भ्रष्टाचारविरूद्धको लडाईँलाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो। आज, हामीले पुनर्निर्माणको यात्रा सुरू गर्दा, यो पुस्ताको साहस, ऊर्जा र आदर्शलाई सम्मान गर्नुपर्छ। किनभने, खरानीबाट उठ्ने नयाँ नेपालमा उनीहरूको योगदान सधैं सम्झनलायक रहनेछ। तर भविष्यको नेतृत्व गर्नेले हेक्का राख्नुस्, मुलुकको पुनर्निर्माणमा चुक्नेले पुनः जवाफ दिनुपर्नेछ।

यो समय हो-संकटलाई अवसरमा बदल्ने, एकता र दृढताका साथ राष्ट्र पुनर्निर्माणको यात्रा सुरू गर्ने। हरेक नयाँ पुस्ताका सपना तुहिएका छन्। प्रत्येक नेपालीको जीवन व्यर्थमा खेर गइरहेको छ। यो नेपाल राज्यको सुरूवातदेखिको शृङ्खला बन्दै आएको छ। २००७ सालको क्रान्ति, २०४६ सालको परिवर्तन, २०६२/६३ को जनआन्दोलनका सबै उपलब्धिपश्चात् २०७२ मा हामीले जारी गरेको संविधान कार्यान्वयन गर्दै मुलुकको आर्थिक निर्माणमा जुटेर अगाडि बढ्छौं भन्ने आशा थियो।

तर राजनीतिक दल र तिनका नेताले राज्यसत्ताको यति कुरूप तरिकाले दोहन गरे कि आम नेपालीको सामाजिक र आर्थिक हैसियत झनै कमजोर र शिथिल बन्दै गयो। यस्तो अन्यायपूर्ण समाज र सत्ताको दमन र शोषणको विरूद्ध जेन-जी पुस्ताले गरेको आन्दोलनलाई इतिहासले सलाम गर्नेछ। वर्तमान सराहना गर्छ भने भविष्यले पाठको रूपमा ग्रहण गर्नेछ।

नेपाल आमाको काखमा आगोको मुस्लो जोतियो र नेपाल धर्तीको आकाशमा आन्दोलनपछि उडेको धुँवा अझै मडारिइरहेको छ। राजधानीका मुख्य सडकहरू, ऐतिहासिक भवनहरू, सरकारी कार्यालयहरू, निजी व्यवसाय र सार्वजनिक सम्पत्तिहरू जलेर खरानी भएका छन्। सर्वोच्च अदालत र संसद् भवनको खरानी, भग्नावशेष सिंहदरबारको भित्तामा लागेको कालो दाग र भाटभटेनी सुपरमार्केटको जलेको संरचना- यी सबैले हामीलाई सम्झाइरहेका छन् कि हाम्रो देशले फेरि एकपटक गहिरो घाउ ब्यहोरेको छ।

यो केवल भौतिक क्षति होइन, हाम्रो सामूहिक मनोबलमा परेको चोट हो। आन्दोलनको ज्वालामा जलेका यी संरचनाहरू केवल इँटा, काठ र फलामका टुक्रा मात्र होइनन्, यी हाम्रो इतिहास, हाम्रो पहिचान र हाम्रो भविष्यका सपना हुन्। जब कुनै राष्ट्र यति ठूलो संकटमा पर्छ, तब केवल संरचनाहरू मात्र होइन, जनताको विश्वास, आशा र आत्मसम्मानमा पनि गहिरो असर पर्छ। अहिलेको नेपालमा देखिएको निराशा, आक्रोश र असहायपन केवल आन्दोलनको परिणाम होइन, यो विगतका दशकौंको असमानता, भ्रष्टाचार, अवसरको अभाव र नेतृत्वको कमजोरीको परिणाम हो।

तर, म सोच्न बाध्य हुन्छु - के यो अन्त्य हो ? कि, यो नयाँ सुरूवातको संकेत हो ? इतिहासले हामीलाई पटक-पटक देखाएको छ, राष्ट्रहरू खरानीबाटै उठेका छन्। संकटको घडीमा, जब सबै कुरा समाप्त भएको जस्तो लाग्छ, त्यहींबाट नयाँ सुरूवातको बीउ उम्रन्छ। अहिलेको नेपालमा पनि, हामीले यही आशा र दृढताका साथ अगाडि बढ्नुपर्छ।

नेपालका युवा पुस्ता, विशेष गरी जेन-जीले विगत केही वर्षदेखि देशको राजनीतिक र सामाजिक संरचनामा नयाँ चेतना ल्याउँदै थिए। तर राजनीतिक दलका नेताले तिनलाई निरन्तर नजरअन्दाज गरिरहे। सम्मानपूर्ण अन्तरपुस्ता संवाद दलका नेताले आवश्यक देखेनन्। यहीकारण जेन-जी पुस्ताले भ्रष्टाचार, स्रोतको दुरूपयोग र अवसरहरूको असमान वितरणविरूद्ध आवाज उठाएका हुन्। हालैको आन्दोलनमा हजारौं युवा सडकमा उत्रिए, जसले व्यवस्थाको कमजोरी र राजनीतिक दलका नेताको अकर्मण्यता उजागर गऱ्यो।

सामाजिक सञ्जालमा उनीहरूको सक्रियता र सडकमा उनीहरूको उपस्थिति र स्पष्ट आवाजले देखायो कि नयाँ पुस्ता अब मौन बस्न चाहँदैन। उनीहरू पारदर्शिता, जवाफदेहिता र समावेशी विकासको माग गर्दैछन्। उनीहरूको यो साहसिक कदमले सरकार र राजनीतिक नेतृत्वलाई झक्झकाएको मात्र छैन, कठालोमा समाएर पाखा लगाएको छ। र, आम नागरिकमा आर्थिक विकास, समान अवसर र युवाको ताकत के हो भन्ने कुराको चेतना जगाएको छ। जेन-जीको आवाजलाई सम्मान गर्दै, हामीले भ्रष्टाचारमुक्त, समावेशी र समृद्ध नेपाल निर्माण गर्न सक्छौं। खरानीबाट उठेर हामी नयाँ इतिहास लेख्नेछौं। यो हाम्रो समय हो, हाम्रो अवसर हो।

हामीले इतिहासमा धेरै पटक देखेका छौं कि विनाश र संकटले मात्र अन्त्य गर्दैन, नयाँ सुरूवातको ढोका पनि खोल्छ। जापान, जर्मनी र हाम्रो आफ्नै नेपालले विनाशपछि पुनर्निर्माणको अद्भुत कथा लेखेका छन्। दोस्रो विश्वयुद्धको अन्त्यमा, जापानका धेरै सहरहरू, विशेष गरी हिरोसिमा र नागासाकी, आणविक बमले पूर्ण रूपमा ध्वस्त भएका थिए। लाखौं मानिसको ज्यान गयो र सम्पूर्ण पूर्वाधार नष्ट भयो। सहर खरानीमा परिणत भयो। तर जापानी जनताले हार मानेनन्। उनीहरूले अनुशासन, कडा परिश्रम र राष्ट्रिय एकताको बलमा देशलाई पुनर्निर्माण गर्न थाले। सरकारले युद्धपछिको विनाशलाई अवसरमा बदल्न आधुनिक उद्योग र प्रविधिमा लगानी गऱ्यो। शिक्षा प्रणाली सुधार गरियो र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिइयो। अमेरिकी सहयोग र मार्शल योजनाअन्तर्गत प्राप्त आर्थिक सहायता पनि पुनर्निर्माणमा महत्वपूर्ण भूमिका खेलेको थियो। जापानले नयाँ सडक, रेल, उद्योग र आवास निर्माण गऱ्यो। विशेष गरी, सिनकान्सेन (बुलेट ट्रेन) जस्ता आधुनिक यातायात प्रणालीहरू विकास गरियो जसले आर्थिक विकासलाई तीव्रता दियो। यसरी, जापानले विनाशबाट उठेर विश्वकै अग्रणी आर्थिक शक्ति बन्न सफल भयो। यो पुनर्निर्माणको कथा साहस, एकता र दीर्घकालीन योजनाको उदाहरण हो। त्यस्तै, जर्मनीले पनि युद्धपछिको विनाशबाट आफूलाई पुनः स्थापित गऱ्यो। बर्लिन र अन्य सहरहरू जलेर नष्ट भए, तर जर्मन जनताले आफ्नो श्रम, सीप र दूरदृष्टिले देशलाई पुनः निर्माण गरे। आज जर्मनी युरोपको आर्थिक इञ्जिन बनेको छ। नेपालले पनि २०७२ सालको विनाशकारी भूकम्पपछि पुनर्निर्माणको यात्रा सुरू गऱ्यो। हजारौं घर, विद्यालय, अस्पताल, मन्दिर र सम्पदा स्थलहरू ध्वस्त भए। तर, नेपाली जनताले साहस गुमाएनन्। छिमेकी, आफन्त, विदेशी मित्र सबैको सहयोगमा पुनर्निर्माण सुरू भयो। यी सबै उदाहरणहरूले देखाउँछन्, जब राष्ट्रमा संकट आउँछ, तब जनताको एकता, दृढता र सकारात्मक सोचले नै पुनर्निर्माण सम्भव बनाउँछ।

अर्थशास्त्री जोन मेनर्ड किन्सले आर्थिक संकटबाट उक्लिनका लागि सरकारको सक्रिय र दह्रो भूमिका आवश्यक हुने बताएका छन्। जब निजी क्षेत्र संकटमा हुन्छ र लगानी घट्छ, तब सरकारले खर्च बढाएर अर्थतन्त्रलाई पुनः सक्रिय बनाउनुपर्छ। किन्सको सिद्धान्तअनुसार, यस्तो सरकारी खर्चले मात्र अर्थतन्त्रमा माग बढ्छ र निजी क्षेत्र पुनः सक्रिय हुन्छ। यसले दीर्घकालीन विकासको आधार तयार पार्छ। नेपाल अहिले यस्तै अवस्थामा छ।

आन्दोलन र हिंसाले अर्थतन्त्रमा ठूलो झट्का पुगेको छ। यद्यपि यकिन गरेर तथ्याङ्क आउन बाँकी नै छ। औपचारिक र अनौपचारिक क्षेत्र गरेर हजारौं रोजगारी गुमेका छन् र गुम्नेछन्, व्यवसाय ध्वस्त भएका छन्, लगानी रोकिएको छ र केही समय रोकिने छ। यस्तो अवस्थामा सरकारले पूर्वाधार पुनर्निर्माण, रोजगारी सिर्जना र सामाजिक सुरक्षामा खर्च बढाउनुपर्छ। सरकारले सार्वजनिक निर्माण, शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षामा लगानी बढाउँदा, अर्थतन्त्रमा माग बढ्छ, रोजगारी सिर्जना हुन्छ, र निजी क्षेत्र पनि विस्तार हुन्छ। यसरी, सरकारको सक्रिय हस्तक्षेपले मात्र संकटबाट बाहिर निस्कन सकिन्छ। नेपालले पनि यही बाटो समात्नुपर्छ - पारदर्शिता, जवाफदेहिता र समावेशी विकासमा जोड दिंदै, सरकारी खर्चलाई उत्पादनशील क्षेत्रमा केन्द्रीत गर्नुपर्छ। तर मुख्य प्रश्न त अहिलेको शून्यताबाट अन्तरिम सरकार निर्माण, त्यसपछि चुनाव र पुनः त्यसपश्चात्को सरकार निर्माणलाई विवेकपूर्ण तरिकाले छिटोभन्दा छिटो अगाडि बढाउनुपर्ने हुन्छ। यो सबका लागि अहिलेको जेन-जी पुस्ताले जिम्मेवारी वहन गरेर सबैलाई संयोजन गर्दै अगाडि बढ्नुपर्छ।

हालको विनाशले मुलुकको अर्थतन्त्रमा गम्भीर चुनौती आइपरेको छ। तर, यो नै अवसर पनि हो। हामीले विगतका गल्तीहरूबाट सिकेर नयाँ नेपाल बनाउन सक्छौं। सबै पक्षले पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। भ्रष्टाचारमुक्त नीति अपनाउनुपर्छ। निजी क्षेत्रलाई लगानी र रोजगारी सिर्जनामा प्रोत्साहित गर्नुपर्छ। नागरिक समाज र युवाहरूले पनि सक्रिय भूमिका खेल्नुपर्छ। जेन-जीको ऊर्जा र आदर्शलाई सम्मान गर्दै उनीहरूको नेतृत्वमा अगाडि बढ्नुपर्छ। पुनर्निर्माणको यात्रा सजिलो हुँदैन। यसका लागि सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायको सहकार्य आवश्यक छ।

सरकारले पारदर्शिता, जवाफदेहिता र सुशासनमा जोड दिनुपर्छ। निजी क्षेत्रले लगानी र रोजगारी सिर्जना गर्नुपर्छ। नागरिक समाजले एकता, सहिष्णुता र सकारात्मक सोच फैलाउनुपर्छ। युवाहरूले सिर्जनशीलता, उद्यमशीलता र नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ।

# घुम्नका लागि पहिलो रोजाइमा जापान

❑ नेस संवाददाता

टोकियो – जापानलाई मानिसहरूले फेरि घुम्न चाहेको शीर्ष गन्तव्यका रूपमा छनोट गरेका छन् । यसको मुख्य कारण एसियाली राष्ट्रको खाना र गुणस्तरीय उत्पादनहरू रहेको एक सर्वेक्षणले देखाएको छ ।

प्रमुख विज्ञापन एजेन्सी डेन्ट्सु इंकले २० वटा विभिन्न अर्थतन्त्रका मानिसहरूमाझ गरेको अनलाइन सर्वेक्षणमा जापान ५२ दशमलव ७ प्रतिशत मतका साथ शीर्ष स्थानमा रह्यो । यी सहभागीहरूले धेरै देशको यात्रा गरिसकेका थिए र उनीहरूलाई फेरि कुन देश घुम्न चाहनुहुन्छ भनेर सोधिएको थियो । जापानपछि दक्षिण कोरिया २० दशमलव ० प्रतिशतका साथ दोस्रो र संयुक्त राज्य अमेरिका १६ दशमलव ६ प्रतिशतका साथ तेस्रो स्थानमा छन् । जापानी खाना र वस्तुहरू, जसमा प्रयोग गरिएका सामानहरूको गुणस्तर पनि समावेश छ, पर्यटक संख्या वृद्धिको प्रमुख कारण मानिने कमजोर येनभन्दा बढी आकर्षक देखिएको छ । सर्वेक्षणमा सहभागीहरूका लागि सबैभन्दा लोकप्रिय सुविधा स्टोरका वस्तुहरूमा सुशी ४६ दशमलव ९ प्रतिशत र आइसक्रिम ४५ दशमलव १ प्रतिशत थिए, जबकि राइस बल र मिठाईलाई ४३ दशमलव ३ प्रतिशतले मन पराएका थिए ।

मे र जुन महिनाको बीचमा गरिएको यो सर्वेक्षणमा अष्ट्रेलिया, बेलायत, क्यानडा, चीन, फ्रान्स, जर्मनी, हङकङ, भारत, इन्डोनेसिया, इटाली, मलेसिया, फिलिपिन्स, साउदी अरेबिया, सिङ्गापुर, दक्षिण कोरिया, स्पेन, ताइवान, थाइल्याण्ड, भियतनाम र संयुक्त राज्य अमेरिकाका १२ हजार ४ सय व्यक्तिले प्रतिक्रिया दिएका थिए । जापानका ४७ प्रिफेक्चरमध्ये टोकियो, होक्काइडो, ओसाका र क्योटोले पहिचान र आगन्तुक अनुभवका आधारमा शीर्ष स्थान ओगटेका छन् । यसको विपरीत, ग्रामीण क्षेत्रहरूमा भ्रमण गर्ने र टोकियो, नागोया, ओसाका वा क्योटो नगएका यात्रुहरूको प्रतिशत कम थियो । ग्रामीण क्षेत्रहरू भ्रमण गरेकामध्ये ९६ दशमलव २ प्रतिशत आफ्नो अनुभवबाट सन्तुष्ट थिए र ९३ दशमलव ४ प्रतिशतले फेरि भ्रमण गर्न चाहेको बताएका थिए । डेन्ट्सुका एक अधिकारीले ग्रामीण क्षेत्रमा पर्यटनको 'उच्च सम्भावना' भए पनि सम्बोधन गर्नुपर्ने केही समस्याहरू रहेको बताए । सर्वेक्षणअनुसार वाइ-फाइ हटस्पट र बहुभाषी सहयोगको अभावका साथै पहुँचको कमीले मानिसहरूलाई ग्रामीण क्षेत्रहरू भ्रमण गर्नबाट निरूत्साहित गरेको देखिन्छ ।

# विश्वमै ज्येष्ठ नागरिक धेरै भएको देश जापान

❑ नेस संवाददाता

टोकियो – जापानमा १ सय वर्ष वा सोभन्दा बढी उमेरका मानिसहरूको संख्या कीर्तिमानी रूपमा वृद्धि भई करिब १ लाख पुगेको छ । स्वस्थ जीवनशैली र आहारका कारण जापानी जनसंख्या दीर्घ जीवन बाँच्ने गरेको हो । जापानको स्वास्थ्य मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार, यो संख्या लगातार ५५ औं वर्षसम्म बढेर ९९ हजार ७ सय ६३ पुगेको छ । यसमा ८८ प्रतिशत महिलाहरू रहेका छन् । यो तथ्याङ्कले जापानलाई विश्वमै सर्वाधिक दीर्घायु भएका राष्ट्रहरूको सूचीमा अग्रपङ्क्तिमा उभ्याएको छ ।

हाल ८७ हजार ७ सय ८४ महिला र ११ हजार ९ सय ७९ पुरूषले शतकीय जीवन पार गरिसकेका छन् । जापानको कुल जनसंख्या १२ दशमलव ४ करोडको ० दशमलव ८१ प्रतिशतले १ सय वर्षभन्दा बढी उमेर पार गरेको यो तथ्याङ्क आफैमा एउटा अनुपम रेकर्ड हो । देशकै सबैभन्दा बढी उमेरकी महिला १ सय १४ वर्षीया शिगेको



कागावा र सबैभन्दा बढी उमेरका पुरूष १ सय ११ वर्षीय कियोताका मिजुनो हुन् ।

जापानमा सेप्टेम्बर १५ लाई 'ज्येष्ठ नागरिक दिवस' का रूपमा मनाइन्छ । यस दिन प्रधानमन्त्रीले १ सय वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिकहरूलाई बधाई पत्र र चाँदीको गिलास प्रदान गरी सम्मान व्यक्त गर्छन् । यस वर्ष ५२ हजार ३ सय १० जनाले यो सम्मान पाएका छन् ।

# बेलायतमा १० नेपाली सम्मानित




❑ नेस संवाददाता

लण्डन – बेलायतमा सक्रिय नेपाली समुदायका १० जना सामाजिक व्यक्तित्वलाई 'वर्ष व्यक्तित्व २०२५' घोषणा गर्दै सम्मान गरेको छ । आइतबार लन्डननस्थित स्ट्यानवेल कम्युनिटी हलमा आयोजित नेपालब्रिटेन डट कम को १८ औं वार्षिकोत्सवको अवसरमा उनीहरूलाई 'मिडिया पर्सनालिटी अफ द इयर २०२५' सम्मान प्रदान गरिएको हो ।

यस वर्ष रूबी राउत, डा. विशाल गुरूङ, विकास नेपाल, सुनिल खड्का, दिवाकर पाण्डे, महेश अधिकारी, पुरन गिरी, डा. रक्षा थापा, रण केसी र डा. दिलिसा सिम्खडालाई सम्मान गरिएको हो । त्यस्तै, बेलायतमा सक्रिय चारभन्ज्याङ तमू समाज यूकेलाई 'वर्षको उत्कृष्ट सामाजिक संस्था' का रूपमा सम्मान गरिएको थियो ।

कार्यक्रममा बेलायतका लागि नेपाली राजदूत चन्द्रकुमार घिमिरे, तमू धीं यूके अध्यक्ष जुमकाजी गुरूङलगायतले सम्मानित व्यक्तित्वहरूलाई खादा र सम्मानपत्र प्रदान गरेका थिए । राजदूत घिमिरेले नेपालको सकारात्मक छवि अन्तर्राष्ट्रिय समुदायमा पुर्‍याउन मिडियाको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे ।

# विपिनको रिहाईको माग गर्दै इजरायलमा विरोध प्रदर्शन

❑ नेस संवाददाता

काठमाडौं – अक्टोबर ७ २०२३ मा भएको हमासको आक्रमणका क्रममा ७ सय २ दिनदेखि बन्धक रहेका विपिनको अवस्था अझै अज्ञात छ । तर, आशा भने अझै मरेको छैन । विपिनकी आमा र बहिनी केही दिन अघि इजरायल पुगेर यहाँका नेतादेखि, प्रधानमन्त्री, राष्ट्रपति र इजरायलका नेपाली समुदायसँग भेटेर आफ्ना पीडा पोख्दै मेरो छोरो, मेरो दाइ फर्काइदिनुहोस् भनेर गुहार गरे । नेपाल फर्किएपछि उनीहरूले नेपालका मन्त्रीदेखि राष्ट्रपति सम्म भेटे, विदेशका टर्की, कतार र जोर्डनका राजासम्मलाई पत्र लेखियो भन्ने समाचार आयो । तर, ठोस नतिजा भने अझै शून्यमै छ ।

तात्कालिन् परराष्ट्रमन्त्री, प्रधानमन्त्री लगायतले विपिनको रिहाइका लागि पहल भइरहेको बताइए पनि हालसम्म कुनै जानकारी नपाउनुमा जनताले सरकारको कामप्रति असन्तुष्टि पोखिरहेका छन् । नेपाल युद्धविरोधी र शान्तिप्रिय मुलुक भएकाले, प्यालेस्टाइनसँग रहेको सम्बन्धलाई प्रयोग गर्दै त्यहाँको सरकारसँग पनि प्रत्यक्ष कूटनीतिक पहल गर्न आवश्यक भएको आवाज उठिरहेको छ ।



बन्धक बनेको ७ सय १ दिन पुगेको दिन पारी गत शनिबार इजरायलको तेलअविवमा विपिन लगायत सम्पूर्ण बन्धकहरूको रिहाइका लागि आयोजित आन्दोलनमा नेपाली समुदायको बाक्लो उपस्थिति थियो । नेपाली राष्ट्रिय झण्डा, विपिनको तस्बिर र 'विपिन जोशी रिहाइ गर' लेखिएका प्लेकार्ड बोकेर, टिसर्ट लगाएर सहभागी भएका नेपालीहरूसँगै इजरायली नागरिकहरूले पनि सहानुभूतिपूर्वक साथ दिएका थिए । विपिनसँगै हमासको नियन्त्रणमा ४८ जना बन्धक रहेका छन् ।

Restaurants, Food Services & Hotels
टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा

DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल
YOUR CHILD DESERVES BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"
हाम्रा विशेषताहरु
१. छात्रवृत्तिको व्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरु द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको नि:शुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरुका विश्वविद्यालय भर्नाका लागि नि:शुल्क परामर्श सेवा
६. असल संस्कारयुत्त उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग
Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल
Cambridge Assessment International Education
Cambridge International School



Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

VISA! VISA !! VISA!!!
इमिग्रेशन र भिसासम्बन्धी काममा समस्या परिरहेको छ भने हामी तपाईलाई साथ दिन्छौं । जापानमा विदेशीहरुले काम गर्न वा जीवन यापन गर्नका लागि विधिसम्मत प्रक्रिया पूरा गर्नु आवाश्यक हुन्छ । यसका लागि वर्षौंको अनुभवले खारिएका विषयगत विज्ञहरुबाट सेवा प्राप्त गर्ने अवसर उपब्ध छ । तपाइले जहाँ बोलाउनुहुन्छ, त्यहीं उपस्थित हुनेछौं ।
✓ वर्किङ भिसा
✓ अन्तर्राष्ट्रिय वैवाहिक भिसा
✓ एइजुकेन (स्थायी आवास)
✓ कम्पनी दर्ता (बिजनेश भिसा)
✓ नेपालबाट डिपेन्डेन्ट (आश्रित)
✓ जापानी पासपोर्ट (खिका)
Scan to Visit Our Website



AIKYO IMMIGRATION LAWYER OFFICE
あいきょう行政書士事務所
Higashi Funabashi 4-30-8 (207) Funabashi-Shi Chiba-Ken, 273-0002 Japan
Tel: 047-409-8028
Fax: 047-409-2078
Mobile: 070-3977-8316(Viber)
Messanger: m.me/koichiaikyo
Email: support@aikyo-gyosei.jp/
Web: https://visa.aikyo-gyosei.jp/

GMT international
DOCUMENT TRANSLATE गर्नुपर्ने छ ?
CALL NOW!
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# जेनजी विद्रोहले दुई दिनमै कायापलट




❑ नेस संवाददाता

काठमाडौं – नेपालको राजनीतिमा भदौ २३ र २४ गते एक अभूतपूर्व घटना भएको छ । 'जेन-जी' आन्दोलनले दुई दिनमै सत्तापलट गरिदिएको छ, जसले प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारलाई सत्ताच्युत मात्र गरेन, ओली र उनका प्रमुख सारथी शेरबहादुर देउवालगायत पुराना पुस्ताका शीर्ष नेताहरूको राजनीतिक यात्रामा लगभग पूर्णविराम लगाएको छ ।

युवाहरूको समस्या समाधानमा उदासीन भई क्रूर दमनमा उत्रिएपछि सुरू भएको यो आन्दोलनले देशलाई नयाँ मोडमा पुऱ्याएको हो । सोमबार सरकारले आन्दोलनकारीमाथि बर्बर दमन गर्दा १९ जना निहत्था नौजवानहरूको ज्यान गएपछि जेन-जी आन्दोलनले मंगलबार विशाल रूप लियो । युवा, वृद्ध, बालबालिका सबै पुस्ताका मानिसहरू सडकमा उत्रिए । आक्रोशित प्रदर्शनकारीहरूले शीर्ष नेताका निवासहरूमा आगजनी र तोडफोड गरे । संसद् भवनमा आगो झोसिएपछि मात्रै प्रधानमन्त्री ओली राजीनामा दिन बाध्य भए । तर, जनआक्रोश त्यसपछि पनि रोकिएन । रातिसम्म सिंहदरबार, सर्वोच्च अदालतजस्ता महत्वपूर्ण राष्ट्रिय संरचनाहरू खरानीमा परिणत भइरहेका थिए ।

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका राज्यका तीनवटै निर्णायक संयन्त्रका भौतिक संरचनाहरू ध्वस्त भएका छन् । सरकार ढलेको छ र जेन-जीको माग संसद् विघटन गरी नागरिक सरकार बनाउनु हो । देशमा उत्पन्न गम्भीर अवस्थालाई मध्यनजर गर्दै मंगलबार राति १० बजेदेखि सम्पूर्ण शान्तिसुरक्षाको कमान्ड नेपाली सेनाले लिएको थियो । प्रधानसेनापति अशोकराज सिग्देलले राति ९ बजे राष्ट्रका नाममा सम्बोधन गर्दै आन्दोलन स्थगित गरी वार्तामा आउन आन्दोलनकारी युवा समूहलाई आह्वान गरेका थिए । जसअनुसार सेनाकै समन्वयमा नयाँ सरकार गठन भएको थियो ।

# ध्वस्त भए धरोहर, जनधनको अकल्पनीय क्षति

❑ नेस संवाददाता

काठमाडौं – युवा पुस्ता 'जेनजी'को शान्तिपूर्ण प्रदर्शनले अहिले देशभर हिंसात्मक र विनाशकारी रूप लिएको छ । काठमाडौंको माइतीघरबाट सुरू भएर देशका प्रमुख शहरहरूमा फैलिएको यो आन्दोलनले अभूतपूर्व धनजनको क्षति पुऱ्याएको छ । हालसम्म ७४ जनाको ज्यान गएको छ भने सयौं घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । यस क्रममा खरबौंको भौतिक क्षति भएको अनुमान छ । प्रदर्शनकारीहरूको अनियन्त्रित भीडले राजधानीका प्रमुख प्रशासकीय केन्द्रहरूलाई निशाना बनाएको छ । राष्ट्रपति भवन शीतल निवास, प्रधानमन्त्री निवास बालुवाटार, सर्वोच्च अदालत, जिल्ला अदालत लगायत सिंहदरबारका मुख्य भवनहरूमा आगजनी भएको छ ।

विशेषगरी राणाकालीन सम्पदाको मुख्य भवन सिंहदरबार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत अन्य मन्त्रालय र कार्यालयहरूमा भएको भौतिक तथा तथ्यगत प्रमाणको क्षति अकल्पनीय छ । सन् १९०३ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरले निजी निवासका रूपमा निर्माण गर्न लगाएको, १७ सय कोठा भएको एसियाकै ठूलो दरबार सिंहदरबार २००७ सालमा राणा शासनको अन्त्य भएपछि नेपाल सरकारको कार्यालयका रूपमा प्रयोग हुँदै आएको थियो । २०३० सालमा भएको ठूलो आगलागीबाट यसको पछाडिपट्टिको धेरैजसो भाग नष्ट भएको थियो भने २०७२ को भूकम्पले क्षतिग्रस्त मुख्य भवन पुनर्निर्माण भएपछि पुनः आगलागीको चपेटामा परेको छ ।

आगजनी र तोडफोडबाट उपत्यकाका अधिकांश सरकारी कार्यालय, सुरक्षा निकायका भवन र पोस्टहरू, सरकारी उच्च पदस्थ अधिकारी तथा राजनीतिक पार्टीका कार्यालय र निजी निवासहरूमा व्यापक क्षति पुगेको छ ।

# ओलीको हठ र पुराना नेताहरूको पतन

❑ नेस संवाददाता

काठमाडौं – जेन-जी आन्दोलन उत्कर्षमा पुग्दा पनि प्रधानमन्त्री ओलीको सत्तालिप्सा र हठका कारण उनीसहित समकालीन नेताहरू राजनीतिको किनारामा धकेलिएका छन् । जीवनको उत्तरार्धमा उनीहरूले 'कलंकको टीका' लगाएर अपमानपूर्वक बहिर्गमित हुनुपरेको छ । देश तहसनहस भइसक्दासमेत परिस्थितिलाई नजरअन्दाज गरेका ओली र कांग्रेस सभापति शेरबहादुर देउवालगायत सबैजसो पुराना नेताहरूको राजनीति संकटमा पुगेको छ । समयले नेटो काटेपछि मंगलबार दिउँसो २ बजे राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष ओलीले राजीनामा दिए । राजीनामालगत्तै पत्नी राधिकासहित ओली 'भूमिगत' भएका छन् । ओलीलाई सरकारको नेतृत्व सम्हाल्न सारथिको भूमिका खेल्दै आएका देउवासहित पुराना पुस्ताका नेताहरू राजनीतिको केन्द्रमा फर्कने सम्भावना लगभग समाप्त भएको छ ।

मुलुक नै रक्त आहालमा डुबेर राज्यविहीनताको अवस्थामा पुग्दा पनि सत्ता हाँकेका ओली र देउवालाई दबाब दिन उनीहरूका पार्टीका दोस्रो र युवा पुस्ताका नेताहरू चुकेका छन् । जसकारण उनीहरूप्रति पनि नागरिकको भरोसा लगभग समाप्त भएको छ । एमालेभित्र उपाध्यक्ष सुरेन्द्र पाण्डेसहित केही नेताहरूले ओलीलाई तत्काल सरकार छाड्न दबाब दिएका थिए, तर ओलीले ती आवाजलाई बेवास्ता गरे । कांग्रेसभित्र पनि गगन थापा र विश्वप्रकाश शर्माले तत्काल सरकार छाड्न दिएको दबाबलाई देउवाले मानेनन् । बरू उनले अन्तिम घडीसम्म मन्त्री फिर्ता नबोलाएर ओलीलाई साथ दिइरहे ।

# व्यवसायिक क्षेत्र त्रसित, वातावरण शान्त बनाउन आग्रह

❑ नेस संवाददाता

काठमाडौं – जेनजी प्रदर्शनमा दमन भएपछि निम्तिएको ध्वंसक आन्दोलनको रापमा ठूला उद्योगी र व्यवसायहरू पनि परेका छन् । प्रदर्शनका क्रममा निजी लगानीका उद्योग, कलकारखाना र व्यवसायीको घरमा क्षति पुऱ्याउनुका साथै आगजनी र लुटपाट भएको हो ।

नेपालका एक मात्र डलर अर्बपति उद्योगी विनोद चौधरीको निजी निवाससहित चौधरी ग्रुपका विभिन्न संरचनामा आक्रमण भएको छ । चौधरी ग्रुपका प्रतिनिधिले दिएको जानकारीअनुसार विनोद चौधरीको कार्यालय र निवासमा तोडफोड, आगजनी र लुटपाट भएको छ । 'तीन-चार वटा गाडी जलेका छन् । घरमा आगो लगाइएको छ । भित्रका सबै सामान लुटपाट भएका छन्,' उनले भने ।

चौधरी ग्रुपको मुख्य कार्यालय पनि तोडफोड भएको छ भने सतुंगलस्थित उद्योगमा भएको आगजनी बुधबार दिउँसोसम्म पनि नियन्त्रणमा आउन सकेको छैन । भैरहवामा रहेको समूहको अर्को उद्योगमा पनि लुटपाट भएको छ ।

उद्योगी चन्द्र ढकालको आइएमई समूहले लगानी गरेको चन्द्रागिरि केबलकार र मौलाकाली केबलकारको तल्लो स्टेसनमा आगजनी तथा तोडफोड भएको छ । ढकालले आफू र परिवार सुरक्षित रहेको बताउँदै 'भ्रामक सूचनाका कारण' यस्तो घटना भएकोमा दुःख व्यक्त गरे । उनले देशका प्रतिष्ठित व्यवसायीहरूसँग अबको रणनीतिबारे संवाद गरिरहेको जानकारी दिए । उद्योगीलाई तर्साउने काम नगर्न पनि उनले सबै पक्षलाई आग्रह गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाको घरमा पनि तोडफोड तथा आगजनी गरिएको छ । उनको परिवार सुरक्षित रहेको जानकारी दिइएको छ । गोल्छाले बाहिरी वातावरण शान्त बनाउनुपर्नेमा जोड दिए । 'हामी ठीक छौं, अब बाहिरी वातावरण शान्त बनाउनुपर्छ,' गोल्छाले भने ।

व्यवसायी मीनबहादुर गुरूङको लगानी रहेको भाटभटेनी सुपरस्टोरका विभिन्न शाखाहरू नक्साल, कोटेश्वर र भक्तपुरको राधेराधेमा तोडफोड र लुटपाट भएको छ । यस्तै, दूरसञ्चार सेवा प्रदायक एनसेलको प्रशासनिक कार्यालयमा पनि ठूलो क्षति पुगेको छ ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरुकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।



Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट
BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017



जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO.
03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO


# युरोपतिर मोडिँदै नेपालीको रोजगारी

❑ नेस संवाददाता

काठमाडौं – मध्यपूर्व र मलेसियाको परम्परागत गन्तव्यबाट नेपाली युवाको वैदेशिक रोजगारीको गन्तव्य अब युरोपतर्फ मोडिएको छ । पछिल्ला वर्षहरूमा युरोपेली मुलुकहरूमा रोजगारीका लागि जाने नेपालीको संख्यामा उल्लेख्य वृद्धि भएको हो । आर्थिक वर्ष २०८१/८२ मा ७६ हजारभन्दा बढी युवाले युरोपका लागि श्रम स्वीकृति लिएका छन् ।
वैदेशिक रोजगार विभागका अनुसार, गत आर्थिक वर्षमा कुल ८ लाख ३९ हजार २ सय ६६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएकोमा यो संख्याले युरोपको बढ्दो आकर्षणलाई पुष्टि गर्छ । अघिल्लो आव २०८०/८१ मा ६६ हजारभन्दा बढी र आव २०७९/८० मा झण्डै ५० हजार युवा युरोपका क्रोएसिया, साइप्रस, माल्टा, मौरिसस, रोमानिया, पोल्यान्ड, टर्की, इटाली, साइबेरियालगायतका देशमा रोजगारीका लागि गएका थिए ।
युरोप जाने श्रमिकमध्ये अधिकांश व्यक्तिगत पहलमा जाने गरेको पाइएको छ । गत आर्थिक वर्षमा युरोपका १२ देशमा गएका ७८ हजारभन्दा बढी युवामध्ये ८० प्रतिशतभन्दा बढी व्यक्तिगत रूपमा गएका छन् भने संस्थागत रूपमा जानेको संख्या २० प्रतिशत मात्रै छ ।
गत आवमा रोमानियाका लागि २७ हजार ८ सय ७४ जनाले श्रम स्वीकृति लिएकोमा केवल १ हजार ३ सय ९० जना संस्थागत रूपमा गएका छन् । क्रोएसियाका लागि श्रम स्वीकृति लिने १३ हजार ८ सय ३५ जना सबै व्यक्तिगत रूपमा गएका छन् । माल्टाका लागि ५ हजार ४ सय ५८ जनाले व्यक्तिगत श्रम स्वीकृति लिँदा २ सय १० जनाले मात्र संस्थागत रूपमा स्वीकृति लिएको विभागको तथ्यांकले देखाउँछ ।
युरोप रोजगारीमा बढ्दो आकर्षणसँगै ठगी र अनियमितताका घटना पनि बढेका छन् । व्यक्तिगत रूपमा श्रमिक पठाउन अवैधानिक मानिएको अवस्थामा पनि यसरी जानेबाट ७ लाखदेखि १५ लाख रूपैयाँसम्म असुल्ने गरिएको छ । संस्थागत रूपमा समेत विज्ञापनमा ५०-६० हजार उल्लेख गरेर ५ लाखदेखि १४ लाखसम्म असुल्ने गरेको पाइएको छ, जसको आधाभन्दा बढी रकम विदेशी एजेन्टलाई जाने गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले युरोपको रोजगारीलाई आगामी दिनमा व्यवस्थित बनाउने विषयमा छलफल भइरहेको जानकारी दिए ।
अनुमानित आकलनअनुसार, युरोप रोजगारीका लागि प्रयास गर्ने १०० जनामध्ये २०-३० जना मात्र सफल हुने गरेका छन् ।

# मुगुमा अझै ढुंगामार्फत सूचना आदानप्रदान

❑ नेस संवाददाता



काठमाडौं – आधुनिक सूचना प्रविधिको युगमा पनि मुगुको पूर्वी क्षेत्रमा अवस्थित मुगुम कार्मारोङ गाउँपालिकाका लामा समुदायले आफ्नो विशिष्ट र प्राचीन परम्परा 'दुवातिन्जा' लाई जीवन्त राखेका छन् । सयौं वर्षदेखि चल्दै आएको यो चलन अन्तर्गत गाउँमा कुनै पनि महत्वपूर्ण सूचना, जस्तै जन्म, मृत्यु, सामूहिक भेला, विकास योजना वा छलफलका लागि घर-घरमा ढुंगा पुर्‍याएर सन्देश आदानप्रदान गरिन्छ ।
मुगुम कार्मारोङका ९ वटा वडामध्ये लामा समुदायको बाहुल्यता रहेका १ देखि ८ नम्बर वडासम्म यो परम्परा विशेष रूपमा प्रचलित छ । जब कुनै महत्वपूर्ण खबर प्रवाह गर्नुपर्ने हुन्छ, सन्देशवाहकले पहिलो घरको आँगन वा मूल ढोका अगाडि एउटा सानो ढुंगा राख्छन् । यो ढुंगा देख्नेबित्तिकै घरधनीलाई गाउँमा कुनै जरूरी खबर आएको संकेत मिल्छ । त्यसपछि उक्त घरधनीले सोही ढुंगालाई अर्को छिमेकीको घरमा पुर्‍याउँछ र यो क्रम सबै घरमा सूचना नपुगेसम्म जारी रहन्छ । यसरी ढुंगा सहितको सूचना प्रत्येक घरमा पुगेपछि तोकिएको समय र स्थानमा गाउँलेहरू भेला भई आवश्यक विषयमा छलफल गरी निर्णय लिने गर्छन् । गाउँपालिका अध्यक्ष छिरिङ क्याप्ने लामाका अनुसार यो ढुंगा पुर्‍याउने चलनले केवल सूचना प्रवाह गर्ने माध्यम मात्र नभई सामुदायिक एकता र पारस्परिक सम्बन्धलाई पनि सुदृढ बनाएको छ ।
लामा धार्मिक गुरूहरूले यस अभ्यासलाई धार्मिक-साँस्कृतिक परम्परासँग जोडेर हेर्ने गरेका छन्, जहाँ ढुंगा समुदायबीचको भरोसा, चिनारी र परम्परागत पहिचान जोगाउने माध्यम बनेको छ । गाउँलेहरू मोबाइलले छिटो खबर ल्याए पनि सीमित व्यक्तिमा मात्रै पुग्ने तर ढुंगा मार्फतको खबर प्रत्येक घरमा पुग्ने भएकाले यसले समुदायलाई अझ नजिक ल्याएको बताउँछन् ।

# एकै व्यक्तिमा तेस्रो पटक मिर्गौला प्रत्यारोपण

❑ नेस संवाददाता

काठमाडौं – नेपालको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले चिकित्सा क्षेत्रमा एउटा ऐतिहासिक उपलब्धि हासिल गरेको छ । केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा एकै व्यक्तिमा तीन पटकसम्म मिर्गौला प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भएको हो ।
यो नेपालमै पहिलो पटक भएको यस्तो दुर्लभ घटना हो, जसले नेपाली चिकित्साको क्षमतालाई अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित गरेको छ । सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री लक्ष्मण किशोर चौधरीको गत भदौ ९ गते तेस्रो पटक सफलतापूर्वक मिर्गौला प्रत्यारोपण गरिएको हो । उनको पहिलो प्रत्यारोपण वि. सं. २०७२ मा भारतमा भएको थियो भने दोस्रो र तेस्रो प्रत्यारोपण सहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा नै सम्भव भएको हो । तेस्रो प्रत्यारोपण 'पेयर एक्सचेन्ज' प्रणाली अन्तर्गत गैरनातेदारबीच अंग साटासाट गरेर सम्पन्न गरिएको थियो ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले यस उपलब्धिलाई नेपालको अंग प्रत्यारोपण सेवाको स्तर विश्वस्तरीय क्षमता र दक्षतासँग मेल खाने स्तरमा पुगेको प्रमाणका रूपमा व्याख्या गरे । उनले केही वर्षअघिसम्म मिर्गौला प्रत्यारोपणका लागि विदेश जानुपर्ने बाध्यताको अन्त्य हुँदै नेपालमा मिर्गौला र कलेजो प्रत्यारोपण सहज रूपमा हुन थालेकोमा गर्व व्यक्त गरेका हुन् ।

# परम्परागत पेसा छाड्दै किसान

❑ नेस संवाददाता

काठमाडौं – जुम्लामा पुस्तौंदेखि चल्दै आएको भेडापालन व्यवसाय संकटमा परेको छ । दु:ख धेरै, आम्दानी कम र राज्यबाट अपेक्षित सहयोग नपाउँदा किसानहरू यो परम्परागत पेसा छाड्न बाध्य भएका हुन् । चरन क्षेत्रको अभाव, प्राकृतिक विपत्ति र नयाँ पुस्ताको घट्दो चासोले भेडापालनको भविष्यमाथि प्रश्नचिन्ह खडा गरेको छ । सिँजा गाउँपालिकाका मनीचन्द्र रावत, जसले ६० वर्षको उमेरमा ४९ वटा भेडा बेचेर पुस्तौंदेखिको व्यवसाय अन्त्य गरे, भन्छन्, 'भेडापालनमा दु:ख धेरै छ, कतैबाट सहयोग पाइँदैन ।'
उनले चार वर्षअघि फर्म दर्ता गरे पनि गोठालो भत्ता लगायतका सरकारी सहयोग नपाएको गुनासो गरे । भेडापालन व्यवसाय छाड्नुको प्रमुख कारणमध्ये एक हो नयाँ पुस्ताको घट्दो चासो । मनीचन्द्रका छोरा खाम्मा रावतका अनुसार, पछिल्लो पुस्ताका धेरैजसो युवाहरू पढाइ, वैदेशिक रोजगारी वा अन्य व्यवसायतर्फ आकर्षित भएका छन् । भेडापालनमा लाग्ने समय र परिश्रमको तुलनामा आम्दानी कम हुनु र चरन क्षेत्रको अभावले पनि युवाहरूलाई वैकल्पिक पेसातर्फ धकेलेको छ । जुम्लाका भेडापालक किसानहरूले प्राकृतिक विपत्तिको ठूलो मार खेप्दै आएका छन् । विगत तीन वर्षमा बाढी, पहिरो र चट्याङका कारण ४ सय २ वटा भेडाबाख्रा मरेका छन्, जसबाट करिब २ करोड ८७ लाख रूपैयाँ बराबरको क्षति भएको अनुमान छ । गत वर्ष पाटन क्षेत्रमा चट्याङ पर्दा एकैसाथ २ सय ८७ वटा भेडाबाख्रा मरेका थिए । तर, किसानहरूले यस्ता क्षतिमा कुनै पनि राहत पाएका छैनन् ।












# महान्यायाधिवक्तामा सविता भण्डारी



❑ नेस संवाददाता

काठमाडौं - नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले वरिष्ठ अधिवक्ता सविता भण्डारीलाई आइतबार महान्यायाधिवक्तामा नियुक्त गर्न सिफारिस गरेकी थिइन् ।

प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार भण्डारीलाई महान्यायाधिवक्ता नियुक्त गरेका थिए । भण्डारी नेपालको पहिलो महिला महान्यायाधिवक्ता नियुक्त भएकी हुन् ।

नवनियुक्त महान्यायाधिवक्ता भण्डारीले पदबार ग्रहण गरेकी छिन् । नवनियुक्त महान्यायाधिवक्ता भण्डारीले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत समक्ष पद तथा गोपनीयताको शपथग्रहण गरे लगतै पदबार ग्रहण गरेकी हुन् ।

# रुपन्देही-३ को उपनिर्वाचन स्थगित

❑ नेस संवाददाता

काठमाडौं - निर्वाचन आयोगले रूपन्देही-३ मा कात्तिक १७ गतेका लागि घोषणा गरेको प्रतिनिधि सभाको उपनिर्वाचन स्थगित गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रतिनिधि सभा विघटन भएर फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन मिति घोषणा भएपछि रूपन्देही-३ का लागि यस अघि सार्वजनिक गरिएका निर्वाचनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले सोमबार विज्ञप्ति प्रकाशित गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मिति तोकेकाले उपनिर्वाचनका बाँकी कार्यक्रम स्थगित गरिएको उल्लेख गरेका छन् ।

# आन्दोलनमा निधन हुनेहरुलाई सहिद घोषणा गरिने, परिवालाई १५ लाख राहत

❑ नेस संवाददाता

काठमाडौं — जेन-जीको आन्दोलनका क्रममा निधन भएकाहरूलाई सरकारले सहिद घोषणा गर्दै उनीहरूको राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गर्ने भएको छ । यस्तै, उनीहरूको सम्झनामा असोज १ गते शोक दिवस मनाइने भएको छ ।

सोमबार साँझ मन्त्रिपरिषद्को निर्णय सुनाउँदै गृहमन्त्री ओमप्रकाश अर्यालले उक्त कुरा बताएका हुन् ।

यस्तै, मृतकका परिवारलाई १५ लाख रुपैयाँ दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । यसका साथै भदौ २३ र २४ गतेको घटनाका सम्बन्धमा छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गरिने भएको छ ।

# गंगा सोनाम बनिन् नेपाल आइडल सिजन-६ को विजेता

❑ नेस संवाददाता



काठमाडौं - गंगा सोनाम नेपाल आइडल सिजन- ६ को विजेता बनेकी छन् । ललितपुरमा भएको 'ग्राण्ड फिनाले'मा उत्कृष्ट चार प्रतिस्पर्धीलाई पछि पार्दै सोनाम विजेता बनेकी हुन् ।

विजेता सोनामले २५ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेकी छन् । त्यसैगरी बविता थापामगर दोस्रो, दर्शना गान्धारी तेस्रो, अभिनय खाती चौथो र मिनल मानन्धर पाँचौं भए । विजेतालाई पुरस्कार वितरण गर्दै तत्कालिन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विजेतालाई शुभेच्छा प्रकट गरे । 'नेपाल आइडल नेपालको हिरो कार्यक्रम हो । यो प्रतियोगिता सुरु भए पछि नै अरू नयाँ-नयाँ प्रतियोगिताहरू सुरु भएका छन् । नेपाल आइडल सधैं हिरो कार्यक्रमका रूपमा रहनेछ', उनले भने । समारोहमा पूर्वमन्त्री शेरबहादुर तामाङ, अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापा, एपी वान टेलिभिजनका अध्यक्ष राजेन्द्र शाक्यलगायतको उपस्थिति थियो । २ जेठ २०८२ देखि सुरु भएको नेपाल आइडल सिजन- ६ को मुख्य जर्जमा न्यू बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद रिजाल थिए ।

# अमेरिकाले ७ महिनामा २ लाख ७९ हजार विदेशीलाई डिपोर्ट

❑ नेस संवाददाता

बोष्टन-अवैधानिक रूपमा अमेरिकामा बस्दै आएका करिब दुई लाख बढी आप्रवासीलाई निष्कासन गरिएको छ । राष्ट्रपति डोनाल्ड जे ट्रम्पको दोस्रो कार्यकालको ७ महिनामा अमेरिकाबाट यति ठूलो संख्यामा आप्रवासी निष्कासित गरिएका हुन् ।

ट्रम्प प्रशासनको सुरुवातदेखि अगस्त २७ सम्म २ लाख ७९ लाई अमेरिकाबाट निष्कासन गरिएको अमेरिकी अध्यागमन तथा भन्सार प्रवर्तन विभाग (युनाइटेड स्टेट्स इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट (आइस) को तथ्याङ्कले देखाएको छ । ट्रम्प आउनुअघि राष्ट्रपति जो बाइडेनको कार्यकालको अन्त्यतिर अक्टोबरदेखि डिसेम्बरसम्म ७१ हजार ४ सय ५ जना अमेरिकाबाट निष्कासनमा परेका थिए । ट्रम्पले राष्ट्रपति पद सम्हालेयता र उनी आउनुभन्दा अघि बाइडेनको कार्यकालको अन्त्यतिरको तथ्याङ्कलाई जोड्दा अमेरिकी चालु संघीय आर्थिक वर्षमा करिब २ लाख ७१ हजार ४ सय ८४ अमेरिकाबाट निष्कासनमा परेका छन् । अमेरिकी आर्थिक वर्षमा अमेरिकाबाट निष्कासन परेकाहरूको यो तथ्याङ्क दशक यताकै बढी हुन आउँछ । आर्थिक वर्ष सकिन अझै एक महिना बाँकी रहेकाले यो तथ्याङ्क अझ बढ्न सक्नेछ । अमेरिकामा अक्टोबर १ देखि सेप्टेम्बर ३० सम्मको अवधिलार्य एक आर्थिक वर्ष मानिन्छ ।

OUR SERVICES
• Real Estate (नेपाली फुदोउसान)
• Restaurant Business
• Halal Food Business
• Money Express
• Travel & Tour Agency
• Manpower Agency
• Education Consultant
• Visa Consultant
• Tax Accountant
• Vehicle Export & Import Agency
• Rafting / Wifi & Sim

株式会社 EVEREST TRADE
(नेपाली फुदोउसान)
सस्तो कोठा भाडामा, घर तथा रेष्टुरेन्ट खरिद बिक्रि गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला
Tel : 03-5937-0506 Fax: 03-5937-0937
• 080-9665-0800 Shiba Poudel
• 090-3085-0265 / 080-9172-2200 Poudel Bikash
• 080-4292-1619 / 080-8815-8839 Yamaguchi
• 080-2556-8115 Poudel Ishwor
Google Maps Facebook Website
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5 Shinjuku, Tokyo
Tel: 03-5937-0506, 03-5937-0937 Fax: 03-5937-0937

KANTIPUR BOUTIQUE JAPAN
विवाह, व्रतबन्ध, एनिभर्सरी, पास्नी लगायतका पार्टीहरुका लागि आवश्यक पर्ने साडी, कुर्था, लेहङ्गा तथा दौरा-सुरुवाल, ढाकाटोपी जस्ता नेपाली-इण्डियन सामान सुपथ मूल्यमा उपलब्ध गराईन्छ ।
साथै ढाकाको खादा तथा ब्याच लगायतका सामग्री पनि उपलब्ध छ ।
03-6908-6670
090-9139-9735
facebook.com/kantipurboutique
KANTIPUR BOUTIQUE
Mausam International Co. Ltd.
2-4-5 (706) Hyakunincho, Shinjuku-Ku, Tokyo
(Only 30 Second From JR Shin-Okubo Station)

इ-पासपोर्ट प्रोसेसिङ गरिन्छ
VIBER OK!!
सम्पर्क:
080-4150-5314

दशकौंको अनुभवसहित यहाँहरूको सेवामा हाजिर छौं।
बाबुआमा वा अरू कोही आफन्तलाई भिजिट भिसामा जापान घुम्न बोलाउन चाहानुहुन्छ भने डकुमेन्ट सपोर्टका लागि हामीलाई सम्झनुहोला।
080-4150-5314 (Viber OK)
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax: 03-5937-5314
info@gmt-intl.com

# केपी ओलीको ...

पृष्ठ १ को बाँकी

मल्ल र अन्य कालका धरोहरहरू विनष्ट भइसक्दा पनि कायम रहेको इतिहासको एक जीवन्त प्रतीक थियो, त्यो पनि आज निशाना बनेको छ । अगाडिको एउटा मोडेल मात्र बाँकी भए पनि, करोडौंको लगानीमा बनिरहेको नयाँ संरचना ब्रिटिश स्ट्यान्डर्डको थियो । तर, त्यो पनि ध्वस्त पारियो । नेता र दलहरूप्रति जेनजी समूहको आक्रोश थियो, किनकि उनीहरूलाई हरेक कुराबाट वञ्चित गरियो । सामाजिक सञ्जालमाथि पनि प्रतिबन्ध लगाउन खोज्दा यो विस्फोट भएको हो । यसको सम्पूर्ण दोष केपी ओलीको अकर्मण्यता र बेइमानीलाई जान्छ । उहाँ र उहाँको समूहको अपराधको शिकार सिंगो देश हुन पुग्यो ।

**आर्मी हेडक्वार्टर नजिकै आक्रमण हुँदा पनि सेना चुपचाप बसेको भनेर प्रश्न उठेका छन्, यसलाई तपाई कसरी लिनुहुन्छ ?**

यो प्रश्न उठाउनु बेकार हो । सबैभन्दा ठूलो समस्या त निर्धक्क भएर बोल्न नसक्नु हो । जहाँ मान्छे हेरेर, परिस्थितिको मूल्याङ्कन गरेर बोल्नुपर्छ, त्यहाँ नागरिकले मनमा लागेका गम्भीर प्रश्नहरू उठाउने अवस्था छैन । अहिले संकटको घडीमा त्यस्ता प्रश्नमा अल्झिनु उचित हुँदैन ।

**तपाईले केपी ओलीको चीन भ्रमणपछि उनको जागिर जान्छ भनेर ठोकुवा गर्नुभएको थियो । अहिले त्यस्तै भयो, यसरी आफ्नै देशवासीले आफ्नै संरचना ध्वस्त पार्ने र सरकारले आफ्नै छोराछोरीलाई गोली हान्ने परिस्थिति आउला भन्ने लागेको थियो ?**



मैले ओलीको जागिर जाने कुरा त ठोकुवा गरेको थिएँ, तर आफ्नै देशवासीले आफ्नै संरचनाहरू यसरी नष्ट गर्छन् र सरकारले आफ्ना नागरिकलाई गोली हान्छ भन्ने कुरा मेरो दिमागमा थिएन । प्रहरीले त आदेश पालना गऱ्यो, तर त्यहाँ विवेकको प्रयोग हुन सकेन । चेन अफ कमान्डमा रहेका सीडीओहरूले कसरी नेताको घरमा गएर आदेश दिए, यो सबै बेइमानीको परिणाम हो । यसले देशलाई अर्को संक्रमणकालमा धकेलेको छ, जहाँ खर्बौंको क्षति भइसकेको छ ।

**अहिले महत्वपूर्ण सरकारी कागजात र नागरिकको तथ्याङ्क समेत नष्ट भएका छन्, अब देश कसरी चलाउने भन्ने प्रश्न उठेको छ, यो अवस्थामा बौद्धिक वर्ग र नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ ?**

अब देश कहाँ बसेर चलाउने ? सबै महत्वपूर्ण कागजात र नागरिकको तथ्याङ्क समाप्त भएका छन् । अझ डरलाग्दो कुरा त के बोल्दा कसलाई चोट पुग्छ र को रिसाउँछ भन्ने डरले बौद्धिक वर्ग पनि आफ्नो राय जनसमक्ष राख्न सकिरहेको छैन । लोकतन्त्रलाई जुन किसिमले भद्दा मजाक बनाइयो, त्यसको सम्पूर्ण जवाफदेहिता नेतृत्वको बेइमानी र हाम्रो असक्षमतालाई जान्छ । मिडिया, बौद्धिक र नागरिक समाजले यो अवस्था आउनै दिनुहुँदैनथ्यो, तर उनीहरूलाई बोल्ने अवसर नै दिइएन ।

**नेतृत्वमा परिवारवाद र छाडापन हावी भएकाले यो अवस्था आएको भनिन्छ, यसमा तपाईको के राय छ ?**

हो, यो एकदमै ठोस कुरा हो । मैले बारम्बार प्रश्न उठाएको थिएँ, नेतृत्वलाई यति छाडा किन हुन दिएको ? जुन युवा नेताहरूले त्याग र बलिदान दिए, उनीहरूलाई पाखा लगाएर परिवारवाद र नातावादलाई प्रश्रय दिइयो । अहिले आक्रोश यति बढेको छ कि बागमती नदीमा लखेटेर भौतिक कारबाही भइरहेका छन् । सूर्य थापा र विष्णु पौडेलजस्ता नेताहरू निशाना बनेका छन् । विष्णु पौडेलमाथि लागेका आरोपहरूले जनताको आक्रोशलाई अझ बढाएको छ ।

**अहिले जेलमा रहेका अपराधीहरू समेत छुटेको र त्यसको नेतृत्व रवि लामिछानेले गरेको भन्ने कुरा आएको छ । यसले कस्तो असर पार्न सक्छ ?**

यो राम्रो भएन । देशभर कैदीहरू, जेलमा रहेका अपराधीहरू छुटेका छन् । कैदीहरू छुटाउने काम रवि लामिछानेले गरेको भन्ने कुराले सुरक्षा चुनौती बढेको छ । उनी आफै फरार कैदीको रूपमा पनि छन् अहिले । उनमा नैतिकता बाँकी छ भने फेरि कारागार जानुपर्छ । भारतले सीमा सिल गर्नु स्वाभाविक हो । देशभरका कैदीहरू निस्कनु भनेको सुरक्षाको दृष्टिकोणले गम्भीर खतरा हो । यसले आन्दोलनकारीलाई थप संयमित हुन दबाब दिन्छ ।

**आन्दोलनकारी, सेना र समग्र राज्य प्रणालीलाई निकासका लागि तपाईको के सुझाव छ ?**

आन्दोलनकारीहरूले तत्काल आफ्नो मार्गचित्र, नेतृत्व, संरचना र विचार सार्वजनिक गर्नुपर्छ । अहिले प्रतिक्रियात्मक मात्र देखिएको छ । बालबालिकाको ज्यान जाने गरी भएको हिंसाको आक्रोशले नेताहरू निशाना बनेका छन्, जुन सह्रानीय होइन । यसले सहरमा आतंक फैलाउँछ र लुटपाट सुरु भएको खबरहरू आइरहेका छन् । धार्मिक द्वन्द्वको सम्भावना पनि बढेको छ । आन्दोलनकारी पक्षले सार्वजनिक रूपमा 'हामीले सम्पूर्ण आन्दोलन स्थगन गरेका छौं, सरकार निर्माणको मार्गचित्र तयार गर्दैछौं, र कुनै घटना भएमा त्यसको जिम्मेवारी आफैं लिनेछौं' भनेर घोषणा गर्नुपर्छ । सेनाले शान्ति सुव्यवस्था कायम गर्नुपर्छ र अन्तरिम सरकार निर्माणका साथै अन्तरिमकालीन मार्गचित्रको रेखाङ्कनमा गृहकार्य गर्नुपर्छ । यो बाहेकको कुनै पनि बाटो अप्रिय र आत्मघाती हुनेछ ।

**अन्त्यमा, यस आन्दोलनको गन्तव्य के हो र यसको पछाडि बालेन शाहको कस्तो भूमिका देख्नुहुन्छ ?**

यस आन्दोलनको गन्तव्य अझै स्पष्ट छैन । मैले बारम्बार बालेन शाहको गन्तव्य के हो भनेर प्रश्न उठाउँदै आएको छु । उनले घुमाउरो पाराले आन्दोलनको जिम्मेवारी लिइरहेका छन्, तर त्यो पर्याप्त छैन । जसरी जनयुद्धको बेला प्रचण्ड को हुन् भन्ने अन्योल थियो, त्यसरी नै अहिले पनि यो आन्दोलनको वास्तविक नेतृत्व को हो भन्ने कुरा स्पष्ट हुनुपर्छ । हामीलाई सक्षम लिडर चाहिएको छ, जसलाई हेरेर हामीले भरोसा गर्ने कि नगर्ने भन्ने धारणा बनाउन सकौं । अन्यथा, यो अन्धकारमा ढुंगा हान्ने कुरा हुनेछ ।

# जापानमा विदेशी ..

पृष्ठ १ को बाँकी

जापानको नियम, कानून र अनुशासन अनि यहाँका नागरिकको मौलिक अधिकारको पनि अधिकतम ख्याल गर' भन्ने सन्देशसहित सामाजिक सञ्जालमा चर्को विरोध गरिरहेका छन् ।

जापानको कुनै पनि सार्बजनिक स्थानमा मेला, महोत्सव, भेला, ऱ्याली वा विरोध प्रदर्शन गर्नुपरेमा त्यसका लागि अनिवार्य अग्रिम अनुमति लिनुपर्ने र त्यस अवधिमा हुने सबै गतिविधिको पूरै जिम्मा लिनेगरी पूर्व प्रतिबद्धता जनाउनुपर्नेमा त्यसो नगरिएको भन्दै तोयामा पार्क प्रशासनले पनि तिव्र असन्तोष प्रकट गरेको छ । नेपालीहरू जो कोहीबाट हुने यस्ता गतिविधिले जापानमा बस्ने सबै नेपालीहरूको शीर झुकाउनुका साथै नकारात्मक असर पर्ने भएकोले अव उप्रान्त यस्ता अवाञ्छित गतिविधि नगर्न र आयोजक पक्षले सम्बन्धित निकाय समक्ष यथाशिघ्र क्षमायाचना गर्नुपर्ने आवाजहरू उठ्न थालेका छन् ।

स्मरण रहोस्, नेपालीहरूको बाक्लो बस्ती रहेको शिनओकुबो-ओकुबो क्षेत्रमा नेपालीहरूका विभिन्न कार्यक्रमहरू निरन्तर भईरहन्छन् । जापानमा सयौंको संख्यामा रहेका नेपाली संघसंस्थाहरू र तिनका नेतृत्वले समुदायमा यसप्रकारका अवाञ्छित गतिविधि हुन नदिन सचेत र सजग बनाउनुपर्ने देखिन्छ ।

जापानमा बस्दै गर्दा हामी विदेशीहरूले सबैभन्दा हेक्का राख्नुपर्ने विषय भनेको यहाँका नागरिकहरूको दैनिक जीवनमा असर पर्ने कुनै पनि काम वा क्रियाकलाप नगर्नू नै हो । तोयामा पार्कमा हालै भएको अनियन्त्रित र अस्वभाविक भेला आयोजनाको हालसम्म कसैले जिम्मा नलिएकोले पनि घटनालाई अझ शंकास्पदरूपमा हेरिएको बताईन्छ । छोटो समयको सूचनाको आधारमा पनि अनपेक्षित ठूलो संख्याको जमघट हुनुले ठूलै नेटवर्क वा समुह सक्रिय रहेको हुन सक्ने भन्दै



थप सशंकित भएका जापानको सुरक्षा निकायले अनेकथरि अड्कल काट्दै सुक्ष्म तवरले अनुसन्धान गरिरहेको बुझिएको छ । जापानमा विदेशीहरूका कारण साँगठानिक एवं आपराधिक गतिविधि बढेको भन्दै विदेशीहरूका हरेक गतिविधिमा जापानले सूक्ष्म निगरानी बढाईरहेको परिप्रेक्ष्यमा भएको उक्त घटनाले नेपालीहरूको छवि धुमिल हुन पुगेको र यसको असर हरेक क्षेत्रमा पर्न सक्ने यहाँका जानेमानेका नेपालीहरूको बुझाई छ ।

गलत प्रयोजनका लागि नगरिएको भनिएता पनि स्वत:स्फुर्त भेला भएका अनियन्त्रित भिड, होहल्ला र उक्त भिडले थुपारेको फोहरमैला, क्षती पुऱ्याएका स्थानीयका गमला र सबैभन्दा जापानीप्रति नेपालीहरूले गुमाउनुपरेको विश्वास र उनीहरूको भावनामा पुगेको ठेसको जिम्मेवारी कसले लिने भन्ने महत्वपूर्ण विषय हो । जिम्मेवारी लिन सकिदैन भने त्यसप्रकारका बेवारिसे कार्यक्रमको प्रचारप्रसारमा मदत गर्नु पनि दुरूत्साहन नै हो । तसर्थ संवेदनशील समय र विषयमा संवेदनहिन गतिविधि निन्दनीय छ । आफुबाट गरिने हरेक गतिविधिको आफै जिम्मेवार बनौ, जबाफदेही हौं । हैन भने अमुक पात्रहरूको अक्ष्यम्य गतिविधिको भारी जापानभरिका सबै नेपालीहरूले किन बोक्ने ? भन्ने प्रश्नहरू पनि चर्कोरूपमा उठ्न थालेका छन् ।






# कोरियामा अलि धेरै बसिएछ कि भन्ने लाग्छ




❑ नेस संवाददाता

सञ्जिब बगाले – दोलखाका लोकबहादुर मगर रोजगारीका लागि २०६९ सालतिर दक्षिण कोरिया गएका थिए । प्रत्येक वर्ष बिदामा एक पटक घर आउँथे । घर आएका बेला नेपालमै बसूँ कि फर्कूं भन्ने दोधारमा पर्थे । फर्किने दिन नजिक आउँदै गर्दा दक्षिण कोरियामा हुने कमाइ सम्झिन्थे र उतैको बाटो लाग्थे ।

लोक २०५९ सालमा दोलखाबाट काठमाडौं आएका थिए । प्रारम्भिक दिनमा काठमाडौंमा बाँच्न अनेक कष्ट गरे । होटलमा भाँडा माझे, गाडी चलाए । जे आइपर्छ, त्यही काम गरे । 'पाँच वर्षमा मुस्किलले ६५ हजार रूपैयाँ जम्मा भएको थियो । त्यही वर्ष मैले एक जना साथीसँग संयुक्त लगानीमा एउटा ट्याक्सी किने,' उनले भने ।

आफूसँग भएको पैसामा ऋणसमेत थपेर दुई लाख रूपैयाँ पुऱ्याए । थप दुई लाख रूपैयाँ बैंकबाट ऋण लिए । काम गर्दै जाँदा २०६७ सालमा ट्याक्सी किनबेचको कारोबार पनि गरे । जेनतेन व्यवहार चल्दै थियो । तर उनी एक पटक विदेश गएर कमाउन चाहन्थे । त्यसै अनुसार कोरिया गए ।

'कोरिया गएर जस्तोसुकै काम गर्न पनि तयार छु भन्ने मनस्थिति थियो । काममा कुनै असहजता अनुभव गरिनँ,' लोकले भने । उनका अनुसार कोरियामा शारीरिक श्रमको कामलाई मानिसहरू 'थ्री-डी' भन्छन् । यसो भनेर उनीहरू श्रमको काम डिफिकल्ट (कठिन), डेन्जर (खतरनाक) र डर्टी (फोहोरी) हुन्छ भन्ने अर्थमा व्याख्या गर्छन् ।

कोरियामा कामको पारिश्रमिक सन्तोषजनक थियो । ११ वर्ष त्यहाँ बिताएपछि भने लोकलाई आफ्नै देशमा काम गर्न सके हुन्थ्यो भन्ने लाग्यो ।

'एक पटक विदेश जानैपर्छ भन्ने सोचेर गएँ । उतै ११ वर्ष काम गरें,' उनले भने, 'कोरियामा कार्टून बनाउने कम्पनीमा सात वर्ष काम गरें । त्यसपछि एउटा रेस्टुरेन्टमा गाडीको काम गरें ।'

दुई वर्षअघि उनी नेपाल फर्के । यहाँ उनका कतिपय साथीहरू व्यवसायमा धेरै अगाडि बढेका थिए भने कोही निकै पछाडि थिए । उनले कसैलाई हेरेनन् । आफ्नो पहलमा, भिनाजु हिरा मगर र साथी हेमन्त राईलाई समेटे र संयुक्त लगानीमा कोटेश्वरको नरेफाँटमा 'लोक अटोमोबाइल्स' सुरू गरे ।

लोक सो कम्पनीका अध्यक्ष हुन् । कम्पनीले पुराना गाडी खरिद-बिक्रीको काम गर्छ । 'हामी मुख्य रूपमा पुराना गाडी किनबेचको काम गर्छौं । गाडी रिकन्डिसनसहित बिक्री गर्छौं,' लोकले भने, 'नयाँ गाडी खोज्नेका लागि पनि व्यवस्था गरिदिन्छौं ।'

प्रारम्भमा काम गर्न अलि कठिन भए पनि बिस्तारै सहज हुँदै गएर कारोबार बढेको उनले बताए । हाल कम्पनीमा १२ जना कर्मचारी छन् । पुराना गाडी खरिद, मर्मत र बिक्रीको काम गर्ने भएकाले केही प्राविधिक अप्ठ्याराहरू भने भोग्नुपर्छ ।

'यो व्यवसायमा निकै ठूलो चुनौती पनि अनुभव गरेको छु,' उनले भने, 'यातायात कार्यालयमा कागजपत्र मिलाउन समस्या पर्ने गरेको छ । कर्मचारीले अनावश्यक दुःख दिन खोज्छन् ।' अनेक कठिनाइबीच पनि व्यवसायमा उनी सन्तुष्ट छन् ।

'सुरूमा मैले जम्मा गरेको नगद, जिन्सी सबै राखेर लगानी गरें । अहिले यसले फिर्ता दिन थालेको छ,' उनले भने, 'कहिलेकाहीं त कोरिया अलि धेरै बसिएछ कि जस्तो पनि लाग्छ । अलि चाँडो आएको भए अलिक अघि बढिएको हुन्थ्यो होला । तर ढिलै भए पनि आफ्नै देशमा आफ्नै व्यवसाय गरेकोमा सन्तुष्ट छु ।'




*Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)*
*www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka*